**आकाशवाणी समाचार- नेपाली**

मितिः १८ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

1. राष्ट्रपति द्रौपदी मुर्मुले आज आन्ध्र प्रदेशको विशाखापट्टनममा **अंतर्राष्ट्रीय बेड़ा समीक्षा–2026** मा भाग लिनुहुनेछ।

2. प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा इंडिया एआई इम्पैक्ट समिटमा भाग लिन आएका वैश्विक नेताहरूसँग भेट गर्नुहुनेछ।

3. इंडिया एआई इम्प्याक्ट समिट २०२६ को तेस्रो दिन आज एक अनुसन्धान संगोष्ठी आयोजना गरिनेछ

4. प्रधानमंत्री नरेन्द्र मोदीले बांग्लादेशको नवनिर्वाचित प्रधानमंत्री तारिक रहमानलाई सपरिवार भारत यात्रा निमंत्रण दिनु भएको छ।

र

5. आइसिसी पुरुष टि-ट्वेन्टी क्रिकेट विश्व कपमा नेपालले स्कॉटल्याण्डलाई सात विकेटले हराएको छ ।

**<u>राष्ट्रपति - आंध्र प्रदेश दौरा</u>**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज आन्ध्र प्रदेशको विशाखापट्टनममा **अंतर्राष्ट्रीय बेड़ा समीक्षा–2026** मा भाग लिनुहुनेछ। सशस्त्र बलको सर्वोच्च कमाण्डरको हैसियतले राष्ट्रपतिले औपचारिक नौसैनिक बेडाको निरीक्षण गर्नुहुनेछ र भारतको नौसैनिक शक्ति र सामुद्रिक क्षमताको भव्य प्रदर्शनको अवलोकन गर्नुहुनेछ। **अंतर्राष्ट्रीय बेड़ा समीक्षा** 15 देखि 25 फेब्रुअरीसम्म आयोजित भइरहेको छ। यस सामुद्रिक अभ्यासमा १०० भन्दा अधिक देश सहभागी भएका छन्। जसमा विभिन्न देशका युद्धपोत, पनडुब्बी, विमान र विभिन्न देशका प्रतिनिधिमण्डलहरू सामेल हुनेछन् र वैश्विक नौसैनिक शक्ति र सहयोगको प्रदर्शन गर्नेछन्। यो आयोजन यस्तो अवसर हो जब राष्ट्रपतिले भारतीय नौसेनाको क्षमताका साथ मित्र राष्ट्रहरूका जहाजहरूको भ्रमण गर्नुहुन्छ। यसमा प्रमुख युद्धपोत र पनडुब्बीहरूले भाग लिन्छन्।

**<u>प्रधानमंत्री - द्विपक्षीय बैठकें</u>**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा इंडिया एआई इम्पैक्ट समिटमा भाग लिन आएका वैश्विक नेताहरूसँग भेट गर्नुहुनेछ। प्रधानमन्त्री मोदीले स्पेनका राष्ट्रपति पेड्रो सांचेज़, फिनल्यान्डका प्रधानमन्त्री एन्टी पेटेरी ओर्पो, सर्बियाका राष्ट्रपति एलेक्जेन्डर भुसिक, क्रोएसियाका प्रधानमन्त्री आन्द्रेज प्लेन्कोभिच, इस्टोनियाका राष्ट्रपति अलार कारिस, भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गे र कजाकिस्तानका प्रधानमन्त्री ओल्ज़हास बेकतेनोवसँग भेटवार्ता गर्ने कार्यक्रम छ।

**<u>प्रधानमंत्री-फ्रान्स</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सका राष्ट्रपतिबीच भएको वार्तापछि 'विशेष वैश्विक रणनीतिक साझेदारी' स्थापनाको घोषणा गरिएको छ। दुई देशहरूले रक्षा, ऊर्जा र महत्वपूर्ण खनिज सहित प्रमुख क्षेत्रहरूमा २१ समझौता ज्ञापनहरूमा हस्ताक्षर गरेका छन्। मुम्बईमा फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंसँगको द्विपक्षीय भेटवार्तापछि संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, यो साझेदारी परम्परागत कूटनीतिबाट बाहिर गएर "जनताको साझेदारी" मा परिणत भएको छ।

**बाइट**

राष्ट्रपति म्याक्रोंले भन्नुभयो, भारत-फ्रान्स सम्बन्ध आपसी विश्वासको स्तरमा पुगेको छ, जुन आज विश्वमा अतुलनीय छ। भारत-फ्रान्स नवप्रवर्तन वर्षको शुभारम्भ गर्दै श्री म्याक्रोंले भन्नुभयो, दुई देशहरूले अब केवल वस्तुहरूको मात्र होइन तर विचारहरूको पनि व्यापार गरिरहेका छन्।

**मैक्रों-प्रधानमंत्री मोदी-जी7 शिखर सम्मेलन**

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंले प्रधानमन्त्री नरेन्द्र मोदीलाई ५२औँ जी–७ शिखर सम्मेलनमा सहभागी हुन आमंत्रित गर्नुभयो । २०२६ मा फ्रान्सले यस सम्मेलनको अध्यक्षता गर्नेछ । मुम्बईमा आयोजित पत्रकार सम्मेलनमा राष्ट्रपति म्याक्रोंले भन्नुभयो, ' **एवियन**मा हुने शिखर सम्मेलनअघि अन्तर्राष्ट्रिय एजेन्डामा सहमति जुटाउन भारत र फ्रान्सबीच विशेष बैठकको आवश्यकता छ। म्याक्रोंले दुवै देशका युवाहरूका लागि नवप्रवर्तनका नयाँ अवसरहरूको विकास गर्नमा पनि जोड दिनुभयो। जी–७ शिखर सम्मेलन अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, जापान, इटाली, क्यानडा र युरोपेली संघका नेताहरूको वार्षिक सम्मेलन हो । प्रधानमन्त्री नरेन्द्र मोदी क्यानडाका प्रधानमन्त्री मार्क कार्नीको निमन्त्रणामा गत वर्ष यस सम्मेलनमा सहभागी हुनु भएको थियो ।

**एआई समिट -तीसरे दिन का कार्यक्रम**

इंडिया एआई इम्प्याक्ट समिट २०२६ को तेस्रो दिन आज एक अनुसन्धान संगोष्ठी आयोजना गरिनेछ जसमा एस्टोनियाका राष्ट्रपति अलर कारिस, इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णव, इलेक्ट्रोनिक्स र सूचना प्रविधि राज्य मन्त्री जितिन प्रसाद लगायत गणमान्य व्यक्तिहरू छलफलमा भाग लिनेछन्। सम्मेलनको तेस्रो दिन कार्यदलको उद्घाटन सत्र र शुभारम्भ पनि हुने भएको छ । यस सत्रमा भारत एआई इम्प्याक्ट समिटको समग्र दृष्टिकोण, प्राथमिकता र तालिकाको बारेमा छलफल गरिनेछ। तालिका अनुसार, कृत्रिम बुद्धिमत्ताले दिगो विकास लक्ष्यहरू भन्दा बाहिर विश्वव्यापी विकासलाई कसरी पुन: आकार दिन्छ भन्ने बारेमा पनि एक सत्र निर्धारित छ। यसले एआईले कसरी उत्पादकत्व बढाउन सक्छ, क्षमता बलियो बनाउन सक्छ, विकासका नयाँ मार्गहरू खोल्न सक्छ र विश्वव्यापी रूपमा असमानता कसरी कम गर्न सक्छ भनेर छलफल गर्नेछ।

**सर्बियाई राष्ट्रपति-एआई सम्मेलन**

सर्बियाका राष्ट्रपति अलेक्जेन्डर भुसिक इंडिया एआई इम्पैक्ट समिटमा भाग लिन नयाँ दिल्ली आइपुगनु भएको छन्। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले यो भ्रमणले भारत र सर्बियाबीचको सम्बन्ध थप मजबुत हुने बताउनु भएको छ। यस्तै श्रीलंकाका राष्ट्रपति अनुरा कुमार दिसानायके इंडिया एआई इम्पैक्ट समिटमा भाग लिन नयाँ दिल्ली आई पुगनु भएको छ। यो भ्रमणले भारत–श्रीलंका साझेदारीलाई अझ बलियो बनाउने अपेक्षा गरिएको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले बताउनु भएको छ।

**प्रधानमंत्री मोदी - बांग्लादेश प्रधानमंत्री**

प्रधानमंत्री नरेन्द्र मोदीले बांग्लादेशको नवनिर्वाचित प्रधानमंत्री तारिक रहमानलाई सपरिवार भारत यात्रा निमंत्रण दिनु भएको छ । नवनिर्वाचित प्रधानमंत्री रहमानलाई लेख्नु भएको एक पत्रमा प्रधानमंत्री मोदीले दुवै देश बीच बहुआयामी द्विपक्षीय संबंधलाई सुद्रिड बनाउन मिलेर काम गर्न उत्सुकता देखाउनु भएको छ । उहाँले भन्नु भएको छ भारत अनि बांग्लादेश घनिष्ठ छिमेकि हुन् अनि दुवै देश बीच साझा इतिहास, सांस्कृतिक संबंध, शांति अनि समृद्धिको आकांक्षा माथि आधारित गहिरो मित्रता छ ।

प्रधानमंत्री मोदीले श्री रहमानलाई उहाँको चुनावी जीतमा बधाई दिनु हुदै यसले जनताको विश्वास अनि नेतृत्वमा भरोसाको प्रतीक बताउनु भयो । प्रधानमंत्रीले भारत, कनेक्टिविटी, व्यापार, प्रौद्योगिकी, शिक्षा, कौशल विकास, ऊर्जा, स्वास्थ्य, सांस्कृतिक अनि जन-समुदाय संपर्क सहित विभिन्न क्षेत्रमा ढाका सित सहयोग बढ़ाउनको लागि प्रतिबद्ध छ ।

**बांग्लादेश-शपथ ग्रहण समारोह**

विदेश सचिव विक्रम मिस्रीले बांग्लादेशमा नयाँ सरकारको शपथ ग्रहण समारोहको अवसरमा बांग्लादेशका विपक्षि नेता तथा बांग्लादेश जमात-ए-इस्लामीका अमीर, डॉ. शफीकुर रहमान सित शिष्टाचार भेंट गर्नु भयो । विदेश सचिवले डॉ. रहमानलाई उहाँको नयाँ भूमिकाको लागि शुभकामना दिनुभयो अनि बांग्लादेशलाई भारतको सदैव समर्थन रहने कुरा दोहराउनु भयो तथा जन केन्द्रित संबन्ध माथि ज़ोर दिनु भयो।

डॉ. शफीकुर रहमानले भारत अनि बांग्लादेश माझ गहिरो सभ्यतागत सम्बन्धको उल्लेख गर्नु हुदै द्विपक्षीय सम्बन्ध सुद्रिड हुने आशा व्यक्त गर्नु भयो ।

**अमित शाह-पश्चिम बंगाल दौरा**

केन्द्रीय गृहमन्त्री अमित शाह आज पश्चिम बंगालको एक दिने भ्रमणमा हुनुहुन्छ । कोलकाता पुगेपछि उहाँ नादिया जिल्लाको मायापुरस्थित इस्कोन मुख्यालय जानुहुनेछ, जहा श्रील भक्तिसिद्धान्त सरस्वती ठाकुरको १५२ औँ जन्मजयन्ती समारोहमा सहभागी हुनहुनेछ । श्री शाहले जयपताका स्वामी महाराजसँग उच्चस्तरीय बैठक गर्नुहुनेछ र मन्दिर परिसरमा एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ।

**सर्वोच्च न्यायालय- आई-पैक**

सर्वोच्च अदालतले प्रवर्तन निर्देशनालय (ईडी) द्वारा दायर एक याचिकाको आज सुनुवाइ गर्नेछ। यसमा केन्द्रीय एजेन्सीले पश्चिम बंगाल सरकार र मुख्यमन्त्री ममता बनर्जीले कोलकातास्थित राजनीतिक परामर्श फर्म इन्डियन पोलिटिकल एक्सन कमिटी- आई-पैकको कार्यालय र यसका सह-संस्थापक प्रतीक जैनको घरमा हालै छापा मार्दा हस्तक्षेप गरेको आरोप लगाइएको छ।

**क्रिकेट-ट्वेन्टी-ट्वेन्टी**

टि-ट्वेन्टी क्रिकेट विश्व कपको ग्रुप सीको म्याचमा नेपालले स्कॉटल्याण्डलाई सात विकेटले हराएको छ । मुंबईको वानखेड़े स्टेडियममा निर्धारित 171 रनको लक्ष्यको पीछा गर्दै नेपालले 19 ओवर दुई बलमा 3 विकेट गुमाएर जित दर्ता गरयो । सर्वाधिक नाबाद 50 रनको पारी खेलने दीपेंद्र सिंह ऐरीलाई प्लेयर ऑफ द म्याच घोषित गरियो ।
यस अघि, न्यूज़ील्यांडले ग्रुप डी को म्याचमा कनाडालाई आठ विकेटले हराएको थियो ।
जिम्बाब्वे अनि श्रीलंका ग्रुप बी को सुपर 8 को लागि क्वालीफाई भएकोछ भने दुई पटकको चैंपियन वेस्ट इंडीज ग्रुप सी को सुपर 8 चरणको लागि क्वालीफाई भएकोछ ऑस्ट्रेलिया यस टूर्नामेन्टबाट बाहिरिएको छ ।

**मौसम**

मौसम विभागले दिल्ली, पञ्जाब, हरियाणा, चण्डीगढ र पूर्वी राजस्थानमा मेघगर्जन र असिना पर्ने सम्भावना रहेको जनाएको छ । अन्डमान र निकोबार द्वीप समूह र राजस्थानमा दिनभर तेज हावाको साथ वर्षाको सम्भावना छ। विभागले पश्चिमी मध्य प्रदेशमा पनि चट्याङ र वर्षाको पूर्वानुमान गरेको छ भने तटीय आन्ध्र प्रदेश र उडिसामा बाक्लो कुहिरो लागने सम्भावना जनाएको छ।